VOL. 53

ओहरदोहर (ट्राफिक) बारे सुरक्षा उपायहरूका कार्य-स्थलमा कार्यान्वयन
समूहगत काम र सहकार्यमा भर पर्छ

工作安全健康 Safety at work






उदाहरणार्थ, हाम्रो टोलीले हालै, आज बिहान, चालक, परिचालक (अपरेटर) र ओहरदोहर (ट्राफिक) नियन्त्रकहरूलाई निर्माण-स्थलहरूमा ओहरदोहर बारे सुरक्षाको जानकारी दियो, ताकि विगतको अध्ययन गरेर हामी नयाँ ज्ञान प्राप्त गर्न सकौँ ।



हामी मानसिक शान्तिका साथ वाहन चलाउन सक्छौँ किनभने हाम्रो टोलीले जोखिमको मूल्याङ्कन राम्ररी गरेको छ अनि वाहनहरूका प्रवेशद्वारहरूमा सुरक्षित रूपरेखा र ओहरदोहर (ट्राफिक) नियन्त्रण उपायहरू लगायत, प्रभावकारी ओहरदोहर व्यवस्थापन प्रणाली लागू गरेको छ ।


अनि निस्सन्देह नै, वाहनहरूका परिचालन क्षेत्रमा श्रमिकहरूका आवागमनका कारण हुने दुर्घटनाहरू पन्छाउनका निम्ति, हिँडने मानिसहरू र वाहनहरूलाई राम्रोसँग छुट्याउनलाई हामीले निर्माण-स्थलहरूमा पदयात्री मार्गहरू र क्रासिङहरू (पदयात्रीका लागि सडक पार गर्ने ठाउँहरू) पनि स्थापित गरेका छौँ ।








साथै, पछाडिपट्टिको दृश्य देखाउने वीडियो उपकरण र ऐनाहरू लगाइएका वाहनहरूले दृष्टिक्षेत्र बढाउन र अदृश्य स्थानहरू देखाउनमा हामीलाई सहायता गर्न सक्छन् । पछाडिपट्टि वाहन चलाउनमा सहायता गर्नका निम्ति एक प्रशिक्षित सिग्नलमैन (सङ्केत दिने व्यक्ति) नियुक्त गर्नु धेरै सुरक्षित हुने छ !



निर्माण-स्थलहरूमा गतिरोधक र गति-सीमाका सङ्केतहरू लगाएको व्यवस्थाले पनि हामीलाई सुरक्षित गति कायम राख्नु सम्झाउन सक्छन् !





व्यावसायिक सुरक्षा र स्वास्थ्य परिषद्

श्रम विभाग

श्रम विभाग
ऑनलाइन OSH (व्यवसायिक सुरक्षा स्वास्थ्य) उजुरी फाराम www.labour.gov.hk
OSH (व्यवसायिक सुरक्षा स्वास्थ्य) उपयोगी हटलाइनहरू 2542 2172